# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस)
## सानेपा, ललितपुर

## स्नातक तह नर्सिङ्ग (B.Sc. Nursing) अध्ययनका लागि आवेदन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७४/४/२४)

नेपालको ग्रामीण भेग र शहरी क्षेत्रमा बसोबास गर्ने जनसमुदाय बीच गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा विद्यमान विभेदपूर्ण स्थितिमा सुधार ल्याउन तथा स्वास्थ्यको क्षेत्रमा मुलुकलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने उद्देश्य बोकेको यस पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान व्यवस्थापिका-संसद्बाट वि.सं. २०६४ सालमा छुट्टै ऐनद्वारा स्थापित सार्वजनिक, स्वायत्त एवं गैह्रनाफामुखी विश्वविद्यालयस्तरको प्राज्ञिक संस्था हो । स्वास्थ्य विज्ञान सम्बन्धी शिक्षा, वैज्ञानिक अनुसन्धान तथा गुणस्तरीय स्वास्थ्य सेवाको माध्यमबाट ती उद्देश्य प्राप्त गर्ने लक्ष्य यस प्रतिष्ठानले लिएको छ ।

यस प्रतिष्ठानले स्नातक तह नर्सिङ्ग (B.Sc. Nursing) कार्यक्रम अन्तर्गत चिकित्सा शिक्षाका नविनतम अवधारणा र मान्यतालाई समेट्दै वैज्ञानिक पाठ्यक्रम, उपयुक्त शिक्षण विधि, योग्य र अनुभवी शिक्षक तथा समर्पित नेतृत्व बीच प्रभावकारी संयोजन गरेर प्राविधिक रुपले सक्षम र सामाजिक उत्तरदायित्व बोधयुक्त जनशक्ति उत्पादन गरी ती जनशक्तिहरुलाई नेपालको दुर्गम तथा ग्रामीण भेगमा बसोबास गर्ने जनसमुदायको स्वास्थ्य स्थिति सुधार्ने काममा परिचालन गर्ने लक्ष्य राखेको हुदा सो लक्ष्यको मर्मलाई आत्मसात् गर्ने र त्यसको प्राप्तिमा योगदान गर्न चाहने आवेदकहरुलाई यस कार्यक्रममा आवेदन गर्न आह्वान गरिन्छ ।

यस स्नातक तह नर्सिङ्ग कार्यक्रम अन्तर्गत चालू शैक्षिक सत्र २०७४/०७५ मा प्रतिष्ठानले जम्मा ४० जना विद्यार्थी भर्ना लिनेछ । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को व्यवस्था अनुसार कूल भर्ना सीटको १५% पूर्ण छात्रवृत्ति (निःशुल्क) र बाँकी ८५% पूर्ण शुल्क (सःशुल्क) अन्तर्गत छुट्याईएको छ । पूर्ण छात्रवृत्ति अन्तर्गत प्रतिष्ठान ऐनमा व्यवस्था भए अनुसार पन्ध्र प्रतिशत (१५%) लाई शत प्रतिशत मानी सो को पैतालिस प्रतिशत (४५%) स्थानमा दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएका क्षेत्रका आवेदिकाहरुमध्येबाट छनौट गरिनेछ । आवेदिकाले पूर्ण छात्रवृत्ति (निशुल्क) र पूर्णशुल्क (सःशुल्क) मध्ये कुनै एकमा मात्र दरखास्त दिन पाउनेछिन् । यसैगरी कुल भर्ना संख्याको १०% सीट आरक्षित गरिएको छ । आरक्षित समूहमा दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएको क्षेत्र पर्दछ । यस बाहेकको बाँकी सीट खुल्ला तर्फबाट छनौट गरिनेछ । सःशुल्क सीटबाट प्रतिष्ठानको सेवामा कार्यरत शिक्षक तथा कर्मचारीका छोरीको लागि एक (१) सीट छुट्याईएको छ । छनौट हुनको लागि आवेदिकाले अनिवार्य रुपमा प्रतिष्ठानले तोके बमोजिम प्रवेश परीक्षामा न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछ । योग्यताक्रम (Merit) को आधारमा छनौट प्रकृया अवलम्वन गरिनेछ । भर्ना सम्वन्धी शैक्षिक शुल्क (अन्य शुल्क सहित) प्रतिष्ठानले तोके बमोजिम हुनेछ ।

### १. आवश्यक न्यूनतम योग्यता

१.१ आवेदक महिला नेपाली नागरिक हुनु पर्नेछ ।

१.२ आवेदिकाले मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा सो सरहको परीक्षामा जीव विज्ञान, रसायन विज्ञान र भौतिक विज्ञानमा सैद्धान्तिक र प्रयोगात्मक परीक्षाहरुमा बेग्ला बेग्लै उत्तीर्ण भई अंग्रेजी समेत बिषयको योग मिलाई कुल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अङ्क ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

माथि उल्लेखित शैक्षिक योग्यता पूरा गरी हाल स्नातक तह वा सो भन्दा माथिको स्तरमा अध्ययनरत वा अध्ययन पूरा गरेका इच्छुक व्यक्तिहरुले पनि आवेदन दिन पाउनेछन् ।

**२. आवेदन फारम**

प्रभु बैङ्क अन्तर्गत काठमाण्डौ उपत्यकाभित्र रहेका कुनै पनि शाखामा ललितपुर नर्सिङ्ग क्याम्पसको नामको खाता नं. १३८११६००७२६८४६००००01 मा जम्मा हुने गरी रु. ५००/- (अक्षरेपि पाँच सय मात्र) तिरेको भौचर पेश गरेपछि मिति २०७४ साल श्रावण २९ गते आइतबारदेखि भाद्र २० गते मंगलबारसम्म र थप दोब्बर परिक्षा शुल्क तिरी २०७४ भाद्र २१ देखि २३ गतेसम्म (शनिवार र सार्वजनिक विदा बाहेक) बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेभित्र पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान, स्कूल अफ नर्सिङ्ग तथा मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस) सानेपा, ललितपुरबाट आवेदन फारम र यस सम्वन्धी सूचना सामग्री प्राप्त गर्न सकिनेछ ।

**३. प्रवेश परीक्षा दस्तुर**

आवेदन दर्ता गराउन आउँदा माथि उल्लेखित बैङ्कको खाता नम्वरमा रु. ३,०००/- (अक्षरेपि तीन हजार मात्र) तिरेको सक्कल भौचर आवेदन साथ नत्थी गरी बुझाउनु पर्नेछ ।

**द्रष्टब्य : आवेदन फारम शुल्क र प्रवेश परीक्षा दस्तुर बापत बुझाईएको रकम फारम रद्द भए पनि फिर्ता हुने छैन ।**

**४. आवेदन फारम बुझाउने समयावधि**

दैनिक विहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म शनिबार र सार्वजनिक बिदाका दिन बाहेक मिति २०७४ श्रावण २९ गते आईतबारदेखि २०७४ भाद्र २० गते मंगलबारसम्म र दोब्बर प्रवेश परीक्षा शुल्क तिरी मिति २०७४ भाद्र २१ देखि २३ गतेसम्म पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान, स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस) सानेपा, ललितपुरमा आवेदन फारम बुझाउन सकिनेछ ।

आवेदकले आवेदन दर्ता गराउँदा प्रवेशपत्र वितरण सम्बन्धी जानकारी प्राप्त गर्न सक्नेछन् ।

**५. परीक्षा केन्द्र, मिति र समय :** यस सम्बन्धी आवश्यक सूचना प्रवेशपत्र वितरण गर्दा उपलब्ध गराइनेछ ।

**६. परीक्षाको किसिम** : प्रवेश परीक्षा बस्तुगत बहुबैकल्पिक लिखित परिक्षा हुनेछ । उक्त परीक्षामा १०+२ को पाठ्यक्रममा आधारित जीव विज्ञान, रसायन विज्ञान, भौतिक विज्ञान र अंग्रेजी विषयहरु समावेश हुनेछन् ।

**७. आवेदन फारमको साथमा सबै समूहका आवेदकले अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरु-**

७.१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।

७.२ माध्यामिक शिक्षा (SLC/SEE) परीक्षा वा सो सरहको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।

७.३ मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ तह वा सो सरह उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।

७.४ बिदेशी बोर्ड अन्तर्गत उत्तीर्ण भएका बिद्यार्थीहरुको हकमा सबै शैक्षिक प्रमाणपत्रहरु नेपाल सरकार, शिक्षा मन्त्रालयबाट अनिबार्य रुपमा पछिल्लो तीन महिनभित्र प्रमाणीकरण गरेको हुनुपर्नेछ । साथै समकक्षता प्रमाणपत्र (Equivalence Certificate) समेत अनिबार्य पेश गर्नुपर्नेछ ।

७.५ आवेदक नेपाल बाहिरको बोर्ड वा विश्वविद्यालयबाट उत्तीर्ण भएको भए माइग्रेसन सर्टिफिकेटको प्रमाणित छायाँप्रति ।

७.६ हालसालै (तीन महिना भित्र) चस्मा नलगाई खिचेको पासपोर्ट साइजको रङ्गीन फोटो - तीन (३) प्रति ।

७.७ रु. ३,०००।- (अक्षरेपि तीन हजार मात्र) तिरेको सक्कल भौचर ।

**८. आरक्षण समूहका आवेदकले माथि उल्लेखित पेश गर्नुपर्ने कागजातहरुको अतिरिक्त देहायका कागजातहरु अनिवार्य पेश गर्नु पर्नेछ-**

क. आरक्षित स्थानमा आवेदन गर्नको लागि : सामुदायिक विद्यालयबाट ८, ९, १० कक्षा अध्ययन गरी माध्यामिक शिक्षा (SLC/SEE) परीक्षा उत्तीर्ण गरेका गाउँपालिकामा स्थायी बसोबास गर्ने दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएको क्षेत्रका आवेदकहरुको लागि आरक्षित गरिएको छ । आरक्षित स्थानमा छनौट हुने आवेदिकाले अनिवार्य रुपमा प्रतिष्ठानले तोके बमोजिम प्रवेश परीक्षामा न्यूनतम मापदण्ड पूरा गरेको हुनुपर्दछ ।

आरक्षित समूहमा छुट्टयाईएको सीट संख्यामा सबै उप-समूहलाई समान हिसावले सीट वितरण गरिनेछ । यसरी आरक्षित समूहमा छुट्टयाईएको सीट संख्या समान वितरण गर्दा न्यूनतम सीट संख्या अपुग भएमा वा बराबरी वितरण गरेर बाँकी रहेको सीट संख्याको लागि सबै उप-समूहलाई एउटै समूह मानी आवेदकहरुमध्येबाट उनीहरुले प्रबेश परीक्षामा पाएको कुल अङ्कभारका आधारमा वरियतक्रममा छनौट गरिनेछ । यदि कुनै पनि उम्मेदवार आरक्षित कोटामा उत्तीर्ण हुन नसकेको खण्डमा सो स्थानमा योग्यताक्रमानुसार खुल्ला समूहको उम्मेदवारलाई भर्ना गरिनेछ । आरक्षित समूहका आवेदकहरु खुल्लातर्फको सीटमा छनौटमा परेका भए आरक्षित सीटमा गणना गरिने छैन ।

**आरक्षित समूहमा आवेदन गर्न चाहनेले निम्नानुसार प्रमाणित छायाँप्रतिहरु अनिवार्य रूपमा पेश गर्नुपर्नेछ-**

**क.१** आवेदक ग्रामीण क्षेत्र (गाउँपालिका) मा हालसम्म स्थायी बसोबास गरेको हो भन्ने व्यहोरा प्रष्ट खुल्ने गरी सम्बन्धित गाउँपालिकाबाट जारी कागजातको प्रमाणित छायाँप्रति । आवेदका अन्य गाउँपालिका वा जिल्लामा बसाइँ सरी ग्रामीण क्षेत्रमै स्थायी बसोबास गरिराखेको भए पूर्व गाउँपालिकाबाट बसाइँ सरेको व्यहोरा खुल्ने गरी हाल स्थायी बसोबास गरेको गाउँपालिकाबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **६ महिना भित्र जारी गरिएको** स्थायी बसोबासको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ । साथै आवेदकको नागरिकतामा उल्लेखित स्थायी ठेगाना निज ग्रामीण क्षेत्रमा स्थायी बसोबास गरेको प्रमाणसंग मिल्ने हुनुपर्नेछ ।

**क.२.** आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र प्रवेशिका परीक्षा/माध्यमिक शिक्षा परीक्षा दिएको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी **सम्बन्धित जिल्लाका जिल्ला शिक्षा कार्यालयबाट** जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाका जिल्ला शिक्षा कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**क.३** सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

**क.४** आवेदक दलित भएमा राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**क.५** आवेदक आदिवासी/जनजाति भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**क.६** आवेदक मधेशी भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**ख. पूर्ण छात्रवृत्ति स्थानमा आवेदन गर्नको लागि** : पूर्ण छात्रवृत्ति अन्तर्गत कुल सीट संख्याको पन्ध्र प्रतिशत (१५%) बिद्यार्थीहरु छनौट हुनेछन् । पूर्ण छात्रवृत्तिको आवेदनका लागि आवेदन दिने आवेदिकाहरुले निम्नानुसारका प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ-

**ख.१** आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र प्रवेशिका परीक्षा/माध्यमिक शिक्षा परीक्षा दिएको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी **सम्बन्धित जिल्लाका जिल्ला शिक्षा कार्यालयबाट** जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाका जिल्ला शिक्षा कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**ख.२** सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

**ख.३** आवेदक विपन्न हो भनी सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट जारी कागजातको प्रमाणित छाँयाप्रति ।

यस अतिरिक्त पूर्ण छात्रवृत्ति अन्तर्गत प्रतिष्ठान ऐनमा व्यवस्था भए अनुसार पन्ध्र प्रतिशत (१५%) लाई शत प्रतिशत मानी सो को पैतालिस प्रतिशत (४५%) स्थानमा दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएका क्षेत्रका आवेदिकाहरुमध्येबाट छनौट गरिनेछ । पूर्ण छात्रवृत्ति अन्तर्गत आरक्षण समूहमा आवेदन दिने आवेदिकाले माथि उल्लेखित प्रमाणहरु (ख.१, ख.२, ख.३) का अतिरिक्त निम्नानुसारका प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ-

- आवेदक दलित भएमा राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।
- आवेदक आदिवासी/जनजाति भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।
- आवेदक मधेशी भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**ग.** छात्रवृत्ति अन्तर्गत अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुले नेपाल सरकार स्वास्थ्य मन्त्रालय तथा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को व्यवस्था अनुसार नेपाल सरकार वा यस प्रतिष्ठानले तोकेको स्वास्थ्य संस्थामा गई कवुलियतनामामा उल्लेख भएको अवधिभर काम गरिसकेपछि मात्र यस प्रतिष्ठानबाट स्थायी प्रमाण-पत्र पाउनेछन् ।

**९. शिक्षक तथा कर्मचारीका छोरीको लागि छात्रवृत्ति सम्वन्धी व्यवस्था**

स्नातक तह नर्सिङ्ग (B.Sc. Nursing) भर्नामा प्रतिष्ठानका शिक्षक तथा कर्मचारीहरुको छोरीको लागि एक (१) स्थान सुरक्षित गरिएको छ । सो सीट सःशुल्क समूहमध्येबाट व्यवस्था गरिनेछ । स्थायी पदमा न्यूनतम तीन (३) बर्ष अविच्छिन्न काम गरेका शिक्षक तथा कर्मचारीले यो सुविधा प्राप्त गर्न सक्नेछन् । यो सुविधा कुनै शिक्षक तथा कर्मचारीले दोहोऱ्याएर भने लिन पाउने छैन । छनौटको आधार प्रतिष्ठानको निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ ।

**१०. अन्य जानकारी**

**क.** म्याद नाघी आएको वा रीत नपुगेको वा आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात पूरा नभएको आवेदन दर्ता गरिने छैन । दर्ता पश्चात् संकलित फारम रुजु गर्दा रीत नपुगेको पाईएमा प्रतिष्ठानले त्यस्ता फारम रद्द गर्नेछ ।
**ख.** यदि कुनै विद्यार्थीले नक्कली कागजात वा झुट्ठो विवरण पेश गरेको प्रमाणित भएमा सो विद्यार्थीलाई प्रतिष्ठानले कुनै पनि समय शैक्षिक कार्यक्रमबाट निष्कासन गरी प्रचलित कानून बमोजिम कारवाहीका लागि पठाउने छ ।
**ग.** यस कार्यक्रम अन्तर्गत अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुले नेपाल सरकार स्वास्थ्य मन्त्रालय तथा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को व्यवस्था अनुसार नेपाल सरकार वा यस प्रतिष्ठानले तोकेको स्वास्थ्य संस्थामा गई कवुलियतनामामा उल्लेख भएको अवधिभर काम गरिसकेपछि मात्र यस प्रतिष्ठानबाट स्थायी प्रमाण-पत्र पाउनेछन् ।

**द्रष्टव्य**

**क)** आवेदन फारम बुझाउँदा उल्लेखित सम्पूर्ण कागजातहरुको सक्कल आवेदक स्वयंले अनिवार्य रूपले साथमा ल्याउनु पर्नेछ ।
**ख)** पिछडिएको क्षेत्र भन्नाले ९ जिल्ला क्रमशः हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, बाजुरा र जाजरकोटलाई जनाउँदछ (संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ तथा संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४ को दफा ७ उप दफा (३) संग सम्बन्धित अनुसूची-१) ।
**ग)** सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ । शिक्षा ऐन, २०२८ दफा २ (घ २) ।

**थप जानकारीको लागि :**
**पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाइफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस), सानेपा, ललितपुर**
**फोन नं. : ०१-५५२६४९०**
**Website : www.pahs.edu.np**